# विदुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
विदुर, नुवाकोट
बागमती प्रदेश, नेपाल

प.सं .: ०७९/ ०८०
च.नं. :

☎ ०१०-५६००६३
☎ ०१०-५६०४६९


मितिः २०८०।०१।१९

## छात्रवृत्ति सम्बन्धी आवेदन दिने सूचना ।

प्रथम पटक प्रकाशित मिति २०८०।१।१९

यस बिदुर नगरपालिका भित्रका जेहेन्दार तथा गरीब स्थानीय बासिन्दा विद्यार्थीका लागि प्राविधिक शिक्षा छात्रवृत्ति प्रदान गर्ने सम्बन्धी कार्यविधि तथा मापदण्ड २०७७ (संशोधन सहित)मा रहेको व्यवस्था अनुसार तपसीलका मापदण्ड पुरा गरेका विद्यार्थीका लागि यो सूचना प्रकाशन भएको मितिले २१ दिनभित्र शिक्षा युवा तथा खेलकुद शाखामा निवेदन दिनुहुन मिति २०७९।१२।२६ गतेको नगर शिक्षा समितिको निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ ।

**तपसील**

१.छात्रवृत्ति पोष्टबहादुर बोगटी प्राविधिक विद्यालयमा ३ वर्षे प्राविधिक शिक्षा अध्ययन गर्ने विद्यार्थीलाई मात्र प्रदान गरिने छ ।

२.स्थानीय बासिन्दालाई मात्र छात्रवृत्ति प्रदान गरिने छ ।

३.छात्रवृत्ति चालू आ व मा प्रथम वर्षमा अध्ययनरतलाई मात्र प्रदान गरिनेछ ।

४.छात्रवृत्ति सामुदायिक (सरकारी) विद्यालयबाट SLC वा SEE गरेकालाई मात्र प्रदान गरिनेछ।तर कक्षा ८ मा भर्ना भै पढन थाले पछि परिवारमा आम्दानी गर्ने अभिभावकको मृत्यु भै सो अध्ययन गरिरहेको विद्यालयमा निरन्तर पढ्दै आएका विद्यार्थीको हकमा निजी विद्यालयबाट SLC वा SEE गरेकोलाई समेत प्रदान गर्न कुनै बाधा पर्ने छैन ।

५.छात्रवृत्ति गरीब तथा जेहेन्दार स्थानीय बासिन्दालाई मात्र प्रदान गरिने छ ।

६.स्थानीय दलित,महिला तथा जनजातिलाई ग्राह्यता दिईनेछ ।अभिभावकविहीन टुहुरा/बुवा नभएको र आमाको नियमित आम्दानी नभएको विद्यार्थीलाई विशेष ग्राह्यता दिईनेछ ।

७.प्राविधिक शिक्षा (३ वर्षे डिप्लोमा ) का लागि SEE/SLC मा C Grade (GPA 2.0 ) भन्दा तलको Category लाई समावेश गरिने छैन ।

८.छात्रवृत्ति प्राप्त गर्न निवेदकले आफू स्थानीय बासिन्दा भएको प्रमाण सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र पेश गर्नु पर्नेछ ।अन्यत्रबाट बसाईसराई आएकोले कम्तिमा ५ वर्ष अगाडि देखि स्थगायी बसोबास गरेको बसाईसराईको प्रमाण पत्र पेश गर्नुपर्नेछ ।

९.छात्रवृत्ति प्राप्त गर्न निवेदकले आफू गरिब तथा जेहेन्दार भएको प्रमाण सम्बन्धित वडा कार्यालयको सिफारिस पेश गर्नु पर्नेछ ।

१०.निवेदकले आफु सामुदायिक (सरकारी) विद्यालयबाट SEE/SLC/TSLC उत्तीर्ण गरेको प्रमाणपत्र वा सिफारिस पेश गर्नुपर्नेछ । तर कक्षा ८ मा भर्ना भै अध्ययन गर्न थालेपछि परिवारमा आम्दानी गर्ने अभिभावकको मृत्यु भै सो अध्ययन गररहेको विद्यालयमा निरन्तर पढ्दै आएका विद्यार्थी हरुको

प.सं .: ०७९/ ०८०
च.नं. :
☎०१०-५६००६३
☎०१०-५६०४६९

हकमा निजी विद्यालयबाट SLC वा SEE गरेकाले अभिभावकको मृत्युदर्ता , वडाको तथा विद्यालयको सिफारिस पत्र पेश गर्नुपर्नेछ ।

११.निवेदकले ३ वर्षे डिप्लोमामा २०७९ सालमा भर्ना भै प्रथम वर्षमा अध्ययनरत रहेको भन्ने सिफारिस पत्र सम्बन्धित अध्ययन संस्थान वा शिक्षालयबाट लेखाई पेश गर्नुपर्नेछ ।

१२.छात्रवृत्ति पोष्टबहादुर बोगटी बहु प्राविधिक शिक्षालयमा तपसीलको विधामा अध्ययनरत तपसील बमोजिमको संख्यालाई उपलब्ध गराईने छ ।

१३.निवेदकले शैक्षिक योग्यताका प्रतिलिपि र प्राविधिक शिक्षालयको ईन्ट्रान्स परीक्षामा प्राप्त गरेको अंक सम्बन्धित शिक्षालयबाट प्रमाणित गराई पेश गर्नुपर्नेछ ।

| क्र सं | विधा/संकाय | संख्या |
|---|---|---|
| १ | वाली विज्ञान ३ वर्षे डिप्लोमा | ३ |
| २ | पशु विज्ञान ३ वर्षे डिप्लोमा | ३ |
| ३ | होटल मेनेजमेन्ट ३ वर्षे डिप्लोमा | ३ |
| | जम्मा | ९ जना |

१३.दोहोरो पर्ने गरी छात्रवृत्ति प्रदान गरिने छैन ।

१४.रित नपुगेको र म्याद नाघी आएको निवेदन उपर कुनै कारवाही हुने छैन ।

१५.छात्रवृत्ति छनौटमा द्विविधा उत्पन्न भएमा सिफारिस समितिले गरेको निर्णय नै अन्तिम हुनेछ ।

१६.यस सम्बन्धी थप जानकारी बिदुर नगरपालिकाको शिक्षा युवाइड तथा खेलकुद शाखाबाट प्राप्त हुनेछ ।

शिक्षा शाखा
विदुर नगरपालिका